नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक योजना तथा विकास महाशाखा

शिक्षक व्यवस्थापन समन्वय शाखा, सानोठिमी, भक्तपुर

visit Nepal 2020

फोन : ६६३५११३

प.सं.२०७७।०७८/ शि. व्य.
च.नं. 98

मितिः २०७७।०४।१६

**विषयः सार्वजनिक विद्यालयलाई एकमुष्ट अनुदान प्रदान गर्ने सम्बन्धी सूचना ।**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।
तोकिएको आधार पुगेका सार्वजनिक विद्यालयहरु।

प्रस्तुत विषयमा यस आ.व. २०७७।७८ को विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गतको शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका सार्वजनिक विद्यालयहरुलाई एकमुष्ट अनुदान प्रदान गर्ने कार्यक्रम रहेकाले ७७ ओटै जिल्लाका सार्वजनिक विद्यालयको रुपमा संचालित विद्यालयहरुले **बार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६** अनुसार उल्लेखित कागजातहरु संलग्न गरी सम्बन्धित स्थानीय तहको सिफारिसमा मिति २०७७ साउन मसान्त सम्म शिक्षा विकास तथा समन्वय इकाइमा उक्त कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्ने र सबै शिक्षा विकास तथा समन्वय इकाइले यसै सूचनालाई आधार मानी दर्ता हुन आएका निवेदन माध्ये तीन शैक्षिकसत्र अगाडी अनुमती पाई सञ्चालनमा रहेका र शुन्य दरबन्दीं भएका आधारभूत विद्यालय (कक्षा १–५)को प्राथमिकताक्रम (कार्यविधिको परिच्छेद २ बुँदा नं ३ अनुसार) निर्धारण गरी तपसिल अनुसारको ढाँचामा संक्षिप्त विवरण Hardcopy र softcopy यस केन्द्र (teachermgt.cehrd@gmail.com) मा मिति २०७७ साउन मसान्त भित्र पठाउन हुन निर्देशानुसार अनुरोध छ ।

## तपसिलः

| विद्यालय कोड नं | विद्यालयको नाम | ठेगाना गापा/नपा वडा नं | अनुमती प्राप्त मिति | संचालित कक्षा | विद्यार्थी संख्या | शिक्षक व्यवस्थापनको स्रोत | भविष्यमा संघीय सरकारबाट शिक्षक दरबन्दी नलिने सर्त स्वीकार गरेको छ/छैन |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

नोटः सबै इकाइले कार्यविधिको अनुसूची १ बमोजिमको विवरण त्यस इकाइमानै सुरक्षित राखी यस केन्द्रमा संक्षिप्त विवरण मात्रै पठाउन हुन र गत बर्षसम्म नियमित रुपमा अनुदान पाएका विद्यालयहरुले छुट्टै प्रगति विवरण सम्बन्धित स्थानीय तह र इकाइ मार्फत यस केन्द्रलाई पठाउन हुन ।

२०७७।०४।१६

भुवनेश्वर जोशी
शाखा अधिकृत

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट मिति २०७६।१२।०९ मा स्वीकृत

# बार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र,**

सानोठिमी, भक्तपुर

# बार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६

**प्रस्तावना**

स्वीकृत दरबन्दी तथा राहत अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुले प्राथमिकता निर्धारण गरी तयार गरेको विद्यालय सुधार योजनालाई प्रभावकारी कार्यान्वयन गरी विद्यार्थीहरुको सर्वपक्षीय विकास, सिकाइ उपलब्धि अभिबृद्धि तथा विद्यालयको आन्तरिक सक्षमता विकासको लागि विद्यालय क्षेत्र विकास योजनामा उल्लेख भए अनुसार बार्षिक एकमुष्ठ अनुदानको प्राप्ती तथा व्यवस्थापन गर्न विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ लाई कार्यान्वयनको लागि यो कार्यविधि तयार गरिएको हो ।

## परिच्छेद-१

## प्रारम्भिक

१.) **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम **बार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६** रहेको छ ।

(२) यो कार्यविधि यस केन्द्रबाट स्वीकृत भएपछि तुरुन्तै प्रारम्भ हुनेछ ।

२.) **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) ***"अनुदान"*** भन्नाले शिक्षक दरबन्दी नभएको वा भविष्यमा शिक्षक दरबन्दी नलिने शर्तमा दरबन्दी फिर्ता गरेका सामुदायिक विद्यालयलाई बार्षिक एकमुष्ठ उपलब्ध गराइने अनुदानलाई जनाउँछ ।

ख) ***"इकाई"*** भन्नाले शिक्षा विकास तथा समन्वय इकाईलाई जनाउँछ ।

ग) ***"ऐन"*** भन्नाले शिक्षा ऐन, २०२८ लाई जनाउँछ ।

घ) ***"केन्द्र"***भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र भन्ने जनाउँछ ।

ङ) ***"दरबन्दी"*** भन्नाले सामुदायिक विद्यालयलाई प्रदान गरिएको स्वीकृत दरबन्दी तथा जुनसुकै किसिमका राहत अनुदानलाई समेत जनाउँछ ।

च) ***"नियमावली"*** भन्नाले शिक्षा नियमावली, २०५९ लाई जनाउँछ ।

छ) ***"विद्यालय"*** भन्नाले नेपाल सरकारले अनुमति वा स्वीकृती दिएको शिक्षक दरबन्दी प्राप्त भएका वा नभएका सबै प्रकारका सामुदायिक विद्यालयलाई जनाउँछ ।

ज) ***"मन्त्रालय"*** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई जनाउँछ ।

झ) ***"स्थानीय तह"*** भन्नाले गाउँ तथा नगरपालिकालाई जनाउँछ साथै यसले उपमहानगरपालिका तथा महानगरपालिकालाई समेत जनाउँछ ।

## परिच्छेद-२

## अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने शर्तहरु

**३.) अनुदान प्राप्तीका शर्तहरु** : अनुदान प्राप्त गर्न विद्यालयले देहायका शर्तहरु पुरा गर्नु पर्नेछ :

क) पूर्व प्राथमिक देखि कक्षा ५ सञ्चालित अनुमति प्राप्त विद्यालय हुनुपर्ने,

ख) नियमावलीले तोकेअनुसार जम्मा न्युनतम विद्यार्थी संख्या पुगेको हुनु पर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय सुधारका पक्षहरु समेटिएको विद्यालय सुधार योजनाको तयारी तथा अद्यावधिक गरेको हुनु पर्ने,

घ) विद्यालयले हरेक वर्ष कारोवारको नियमित रुपमा लेखा परीक्षण गरेको हुनु पर्ने,

ङ) विद्यालयले वर्षभरी गरेको क्रियाकलापहरु झल्कने सामाजिक परीक्षण प्रतिवेदन तयार गरी इकाइलाई पेश गरेको हुनु पर्ने,

च) विद्यालय सुधार योजनाको आधारमा विद्यालयले बार्षिक लक्ष्य र वजेट सहितको बार्षिक कार्ययोजना तयार गरेको हुनुपर्ने,

छ) शिक्षक दरबन्दी नभएको हुनु पर्ने वा शिक्षक दरबन्दी प्राप्त गरेको भए सो दरबन्दी फिर्ता गरेको हुनुपर्ने,

ज) विद्यालयले प्रेषित गर्नुपर्ने प्रतिवेदनहरु जस्तो लेखा परीक्षण, सामाजिक परीक्षण आदि सम्बन्धित निकायहरुमा समयमै प्रेषित गरेको हुनुपर्ने,

झ) विद्यालयले नियमित रुपमा फ्ल्यास तथ्याङ्क भरी सम्बन्धित निकायमा सम्प्रेषण गरेको हुनुपर्ने,

**४.) आवद्ध गराइने** : विद्यालयमा निकासा हुने अनुदानलाई लेखा परीक्षण तथा सामाजिक परीक्षण प्रतिवेदन सँग साबद्ध गराइनेछ । सामाजिक तथा लेखा परीक्षण प्रतिवेदनलाई नै विद्यालय अनुदान निकासाको मुल आधार मानिनेछ ।

## परिच्छेद-३

## विद्यालय छनोटका प्रक्रिया तथा आधारहरु

**५.) विद्यालय छनोटका प्रकिया** : विद्यालय छनोट देहायका प्रक्रिया अनुसार गरिनेछ :

क) केन्द्रबाट बुँदा नं. ४ अनुसारको शर्त सहितको सूचना प्रकाशन गर्ने,

ख) केन्द्रबाट प्रकाशित सूचना अनुसार निवेदन दिन चाहने विद्यालयहरुले बुँदा नं. ४ अनुसारको शर्त पुरा गरेको भएमा अनुसुची एक अनुसारको कागजात संलग्न राखी इकाईमा निवेदन दिनु पर्ने,

ग) इकाईले यसरी प्राप्त निवेदनको छानविन गर्ने र स्थलगत अनुगमन गरी आफ्नो राय सहितको विवरण तथा निवेदन केन्द्रमा पठाउनु पर्ने,

घ) केन्द्रले यसरी प्राप्त निवेदनहरुलाई बुँदा नं. ६ र ७ बमोजिमको आधारमा छनोट गरी अनुदान पाउने विद्यालयको अन्तिम सूची तयार गरी सार्वजनिक गर्ने,

ङ) केन्द्रले यसरी छनोटमा परेका विद्यालयहरुको लागि आवश्यक अनुदानको व्यवस्था गरी सम्बन्धित विद्यालयलाई जानकारी गराउने,

च) स्थानीय तहले आफ्नो क्षेत्र भित्रका अनुदान लिने विद्यालय सँग केन्द्रले तोके अनुसारको ढाँचामा विद्यालय सञ्चालनको लागि करार सम्झौता गर्ने,

छ) छनौटमा परेका विद्यालयलाई स्थानीय तहले करार सम्झौता अनुसार काम सम्पादन गर्ने शर्तमा केन्द्रबाट प्राप्त भएको अनुदानको रकम निकासा गर्ने,

ज) जिल्ला भित्र यसरी सञ्चालनमा आएका विद्यालयहरुको प्रगति विवरण सम्बन्धित स्थानीय तह मार्फत संकलन गरी इकाईले चौमासिक रुपमा केन्द्रमा पठाउने,

६.) **विद्यालय छनौटका आधारहरु** : विद्यालय छनौट देहायका आधारमा गरिनेछ :

क) शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार उक्त विद्यालयमा कुनै किसिमको दरबन्दी जाने प्रस्ताव नगरिएको हुनुपर्ने,

ख) दरबन्दी प्राप्त भएका विद्यालयहरुको हकमा भविष्यमा कुनै पनि दरबन्दी नलिने शर्तमा उक्त दरबन्दी फिर्ता गरी अनुदान लिन इच्छुक भएको हुनुपर्ने,

ग) अनुमति लिएर कम्तिमा तीन शैक्षिक शत्र पुरा भईसकेको,

घ) विद्यालय व्यवस्थापन समितिको गठन भई क्रियाशिल भएको,

ङ) प्रत्येक कक्षाका लागि अलग अलग कक्षाकोठाको व्यवस्था भएको,

च) अतिरिक्त क्रियाकलापको लागि पर्याप्त खेल मैदानको व्यवस्था भएको,

छ) विद्यार्थीको संख्याको आधारमा शौचालयको व्यवस्था भएको,

ज) पक्की वा स्थायी किसिमको भवन वा संरचना भएको,

झ) विद्यालयको आफ्नै स्वामित्व वा भोगचलनमा जग्गा रहेको,

७.) **विद्यार्थी संख्याको आधारमा विद्यालय छनौट गर्ने** :

क) बुँदा नं. ६ अनुसार विद्यालय छनोट गर्दा आवेदन दिने विद्यालयहरुको संख्या तोकिए भन्दा धेरै भएमा विद्यार्थी कक्षा अनुपातको आधारमा बढी विद्यार्थी संख्या भएको विद्यालयलाई प्राथमिकता दिइने छ ।

ख) बुँदा नं. ६ अनुसार विद्यालय छनोट गर्दा केन्द्रबाट प्रकाशित दरबन्दी मिलान सूची अनुसार अपुग प्रतिशत बढी देखिएका स्थानीय तहहरुका विद्यालयहरुलाई प्राथमिकता दिइनेछ ।

## परिच्छेद-४

## अनुदान खर्च गर्ने आधार र प्रक्रिया

८.) **अनुदान खर्च गर्ने आधारहरु :** छनौटमा परेका विद्यालयहरुले कार्यसम्पादन सम्झौता बमोजिम स्थानीय तहबाट प्राप्त अनुदान देहायको शीर्षकमा खर्च गर्नुपर्नेछ :

क) न्युनतम योग्यता पुगेका दुई जना शिक्षकहरुको लागि वार्षिक पारिश्रमिक अनुदान,

ख) एक जना बालकक्षा शिक्षकको लागि वार्षिक पारिश्रमिक अनुदान,

ग) एक जना विद्यालय सहयोगीको लागि पुग्ने वार्षिक पारिश्रमिक अनुदान,

घ) विद्यालय व्यवस्थापन खर्च,

ङ) शैक्षिक सामग्री विकास खर्च,

च) विद्यालय सुधार योजनामा आधारित रही शैक्षिक सुधारको लागि आवश्यक खर्च,

९.) **अनुदान खर्च गर्ने प्रक्रिया :** प्रधानाध्यापकले कार्यसम्पादन सम्झौता अनुसार बुँदा नं. ८ बमोजिमको खर्चको प्रस्ताव गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई अनुदान खर्च गर्ने व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद -५

## विभिन्न निकायहरुको भूमिका

१०.) **मन्त्रालयको भूमिका** : मन्त्रालयको भूमिका देहाय अनुसारको हुनेछ :

क) कार्यविधिको कार्यान्वयनमा सहजीकरण गर्ने,

ख) विद्यालयलाई प्रदान गरिने अनुदानलाई व्यवस्थित गर्ने सम्बन्धमा केन्द्र तथा सम्बन्धित निकायहरुको अनुगमन एवं आवश्यक निर्देशन दिने,

११.) **केन्द्रको भूमिका** : केन्द्रको भुमिका देहाय अनुसार हुनेछ :

क) विद्यालयलाई प्रदान गरिने अनुदानको लागि कार्यविधि निर्माण एवं अध्यावधिक गरि सो अनुसार विद्यालयबाट प्रस्ताव आव्हान गर्ने,

ख) अनुदानको लागि निवेदन दिने विद्यालयहरुको छानविन गरी एकिन गर्न इकाईलाई निर्देशन दिने,

ग) आवश्यकता अनुसार अनुदान प्राप्त गर्न योग्य विद्यालय छनौटका लागि थप आधारहरु तयार गर्ने,

घ) वार्षिक एकमुष्ठ अनुदान प्राप्त गर्न योग्य विद्यालय छनौट गरी सूची प्रकाशन गर्ने,

ङ) छनौटमा परेका विद्यालयहरुको एकमुष्ठ अनुदानको लागि आवश्यक वजेटको व्यवस्था गरी स्थानीय तहरुमा वित्तिय हस्तानान्तरण गर्ने,

च) इकाईहरुले गरेका कामको अनुगमन गरी निर्देशन दिने,

छ) कार्यविधिमा उल्लेख भएका विषयहरुमा केही द्विविधा भएमा स्पष्ट गरी कार्यान्वयनमा लैजाने,

ज) आवश्यकता अनुसार समन्वय तथा निर्देशन दिने,

**१२.) स्थानीय तहको भूमिका** : स्थानीय तहको भूमिका देहाय अनुसार हुनेछ :

क) दरबन्दी नभएका र भविष्यमा दरबन्दी नलिने शर्तमा वार्षिक एकमुष्ठ अनुदान लिन चाहने विद्यालयहरुको लागि निवेदन दिन तथा अनुदान व्यवस्थापनमा आवश्यक सहजीकरण गर्ने,

ख) छनौटमा परेका विद्यालयहरुसँग तोकेको ढाँचामा कार्यसम्पादन सम्झौता गर्ने,

ग) अनुदान प्राप्त विद्यालयहरुलाई अनुदानको अवधि भर कुनै पनि दरबन्दी तथा राहत नदिने व्यवस्था गर्ने गराउने,

घ) छनौटमा परेका विद्यालयहरुको आवश्यकता अनुसार अनुगमन, निर्देशन तथा सहजीकरण गर्ने,

ङ) केन्द्रबाट अनुरोध गरी आएका विषयहरुको हकमा आवश्यक सहजीकरण गर्ने,

**१३.) इकाईको भूमिका** : इकाईको भूमिका देहाय अनुसार हुनेछ :

क) गत वर्ष अनुदान पाएका तथा कुनै पनि दरबन्दी नभएका विद्यालयहरुलाई वार्षिक एकमुष्ठ अनुदानको लागि निवेदन दिन प्रेरित गर्ने,

ख) प्राप्त निवेदनहरुको छानविन गरी एकिन गर्ने र केन्द्रले तोकेको ढाँचामा प्रतिवेदन पठाउने व्यवस्था गर्ने,

ग) छनौटमा परेका विद्यालयहरुको केन्द्रले तोकेको ढाँचामा स्थानीय तहलाई कार्यसम्पादन सम्झौता गर्न सहजीकरण गर्ने,

घ) अनुदान प्राप्त विद्यालयहरुले गरेका खर्चको बेलाबेलामा अनुगमन गरी निर्देशन दिने,

ङ) अनुदान प्राप्त विद्यालयहरुको संक्षिप्त प्रगति प्रतिवेदन चौमासिक रुपमा केन्द्रमा पठाउने,

च) केन्द्रले तोके अनुसारको अन्य कार्यहरु गर्ने,

१४.) **विद्यालयको भूमिका** : अनुदान प्राप्त गरेका विद्यालयहरुको भूमिका देहाय अनुसार हुनेछ :

क) स्थानीय तहसँग कार्यसम्पादन सम्झौता गरी कार्यान्वयन गर्ने,

ख) प्रत्येक वर्ष कक्षागत सिकाई उपलब्धि निर्धारण गरी सोही अनुसार शिक्षण सिकाइका गतिविधिहरु सञ्चालन गर्ने,

ग) विद्यालयको प्रगति विवरण चौमासिक रुपमा स्थानीय तह र इकाईमा पठाउने,

घ) नियमावलीले तोके अनुसार विद्यालय सञ्चालन तथा पठनपाठनको व्यवस्था मिलाउने,

ङ) बालमैत्री, लैङ्गीकमैत्री तथा अपाङ्गमैत्री विद्यालय विकासमा जोड दिने,

च) शिक्षणसिकाई क्रियाकलाप सहभागितामूलक बनाई शैक्षिक गुणस्तर प्रवर्धनमा जोड दिने,

छ) केन्द्र, इकाई तथा स्थानीय तहले दिएको निर्देशानुसार कार्य गर्ने,

## परिच्छेद–६

## विविध

१५.) **करार सम्झौता अनुसार काम गर्नु पर्ने :** यस कार्यविधि अनुसार छनोट भएका विद्यालयले स्थानीय तहसँग गरेको करार सम्झौता अनुसार काम गर्नु पर्नेछ । सो अनुसार काम सम्पन्न नगर्ने तथा दिएको निर्देशानुसार काम नगर्ने विद्यालयलाई प्रचलित कानुन अनुसार कार्वाही गरिनेछ ।

१६.) **कोटा तथा अनुदान सम्बन्धी व्यवस्था :** अनुदान प्रदान गर्ने विद्यालयको संख्या तथा तिनलाई दिइने बार्षिक एकमुष्ठ अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम हुनेछ ।

१७.) **निर्देशन दिन सक्ने** : छनोटमा परेका विद्यालयहरुलाई करार सम्झौता अनुसार काम भए नभएको अनुगमन गरी निर्देशन दिने अधिकार स्थानीय तह तथा इकाईको हुनेछ । यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित विद्यालयको कतर्व्य हुनेछ ।

१८.) **प्रतिवेदन पेश गर्नुपर्ने :** अनुदान प्राप्त विद्यालयले आफुले गरेको काम तथा प्रगतिको सम्बन्धमा प्रतिवेदन तयार गरी चौमासिक रुपमा स्थानीय तह तथा इकाईमा पेश गर्नु पर्नेछ। स्थानीय तह र इकाईले जिल्ला भित्रका अनुदान प्राप्त विद्यालयको संक्षिप्त प्रतिवेदन तयार गरी चौमासिक रुपमा केन्द्रमा पठाउनु पर्नेछ ।

१९.) **थप आधार तयार गर्न सक्ने** : केन्द्रले यस कार्यविधि प्रतिकुल नहुने गरी विद्यालय छनोट तथा अनुदान निकासाका सम्बन्धमा थप आधारहरु तयार गर्न सक्नेछ । उक्त आधारहरु यस कार्यविधिमा परेसरह मान्य हुनेछ ।

## अनुसूची १ (एक)

**विद्यालयले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यालयको अनुमति पत्रको प्रतिलिपी,

२. हाल सम्म कुनै दरबन्दी नरहेको वा दरबन्दी फिर्ता गरेको सम्बन्धित इकाईको सिफारिस पत्र,

३. स्थानीय तहको सिफारिसको सक्कलै पत्र,

४. निवेदन दिने वर्षको शैक्षिक शत्रमा भर्ना भएका विद्यार्थीहरुको कक्षागत संख्याको प्रमाणित प्रतिलिपी,

५. निजी स्रोतमा राखेको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति तथा शैक्षिक योग्यता सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपी,

६. विद्यालयको जग्गाको प्रमाणपत्रको प्रतिलिपी वा भोगचलनको निस्सा,

७. भविष्यमा दरबन्दी माग नगर्ने विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी,

८. कम्तिमा एक कक्षा एक कक्षाकोठा, पर्याप्त शौचालय, खेल मैदान, स्थायी भवन वा संरचना सम्बन्धी विवरण,

९. अद्यावधिक गरिएको विद्यालय सुधार योजनाको प्रतिलिपी,

१०. अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन तथा सामाजिक परीक्षण प्रतिवेदनको प्रतिलिपी,

११. विद्यालयको बार्षिक योजना,

१२. अघिल्लो आर्थिक वर्षको फ्लास तथ्याङ्कको विद्यार्थी विवरण,

१३. विद्यालय व्यवस्थापन समितिको निर्णय ।

## अनुसूची २ (दुई)

(वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को दफा (५) को (च)ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको करार सम्झौता)

## श्री ......................... पालिका र श्री ........................... विद्यालय,.................. वीच भएको

## (करार सम्झौता)

श्री ......................... पालिका (यस पछि प्रथम पक्ष भनिएको) र श्री ............................ विद्यालय................ (यस पछि दोस्रो पक्ष भनिएको) वीच **वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि,२०७६** बमोजिम कुनै पनि दरबन्दी तथा राहत अनुदान नलिएका सामुदायिक विद्यालयको लागि प्रदान गरिने वार्षिक एकमुष्ठ अनुदानका सन्दर्भमा तपसिल अनुसार गर्ने गरी करार सम्झौता गरियो ।

**१) प्रथम पक्षको तर्फबाट देहाय अनुसारका कार्यहरु गर्ने :**

क) छनौटमा परेका विद्यालयहरुलाई केन्द्रबाट तोके बमोजिमको रकम दोस्रो पक्षको बैङ्क खातामा निकासा गर्ने,

ख) कार्यविधिमा तोके अनुसार अनुदान रकम तोकिएको शीर्षकमा खर्च गर्न निर्देशन दिने,

ग) अनुदान खर्च तथा विद्यालयको शैक्षिक सुधारको लागि समय समयमा अनुगमन गर्ने,

घ) वार्षिक एकमुष्ठ अनुदान प्रदान गरेपछि उक्त विद्यालयलाई अनुदान अवधिभर कुनै प्रकारको दरबन्दी तथा राहत प्रदान गरिने छैन,

ङ) दोस्रो पक्षलाई वार्षिक एकमुष्ठ अनुदान निकासा पछि सो विद्यालयलाई शिक्षक, बालकक्षा शिक्षक, कर्मचारी पारिश्रमिक तथा विद्यालयको शैक्षिक सुधारका (विद्यालय पूर्वाधार विकास बाहेक) अन्य कुनै शीर्षकको रकम प्रदान गरिने छैन,

(स्थानीय तहले केहि कार्यहरु थप गर्नु पर्ने भए थप गर्ने)

च) ..........................................................................................

छ) ..........................................................................................

**२) दोस्रो पक्षबाट देहाय अनुसारका कार्यहरु गर्ने :**

क) वार्षिक एकमुष्ठ अनुदान प्राप्त गरेपछि उक्त अनुदान रकम शिक्षक, वाल शिक्षक तथा कर्मचारी पारिश्रमिक तथा वचत रकम विद्यालय व्यवस्थापन र विद्यालय सुधार योजनाले परिलक्षित गरेका शैक्षिक सुधारका क्षेत्रमा खर्च गर्नु पर्ने,

ख) विद्यालयले एक वर्षमा प्राप्त गर्न सक्ने गरी प्रत्येक कक्षाको प्रत्येक विषयको सिकाइ उपलब्धि निर्धारण गरी सो प्राप्त गर्ने व्यवस्था मिलाउने,

ग) विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

घ) विद्यालयले गरेका शैक्षिक गतिविधिहरुलाई समेटी चौमासिक रुपमा प्रतिवेदन तयार गर्ने र सम्बन्धित ....................पालिका तथा शिक्षा विकास तथा समन्वय ईकाइमा पठाउने,

ङ) .......................... पालिका तथा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईले दिएका निर्देशन अनुसारका कार्यहरु गर्ने,

(स्थानीय तहले पनि केही कार्यहरु थप गर्नु पर्ने भए थप गर्ने)

च) ...............................................................................................................

छ) ...............................................................................................................

करार सम्झौता अनुसार काम नगरेमा तथा प्रथम पक्षले दिएको निर्देशनको दोस्रो पक्षले पालना नगरेमा प्रथम पक्षले दोस्रो पक्षलाई अनुदान रोक्का गर्न, प्रचलित कानुन अनुसार कार्वाही गर्न तथा करार सम्झौता रद्द गर्न सक्नेछ ।

| **प्रथम पक्षका तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम .......................... | नाम .......................... |
| पद ............................. | पद ............................ |
| दस्तखत ............................ | दस्तखत ..................... |
| कार्यालयको छाप | विद्यालयको छाप |

रोहवर

नाम ...............................

पद ................................

दस्तखत ...........................

विक्रम सम्वत् २०७....साल ................. महिनाको .............. गते रोज ...................... शुभम् ।